# अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## प्याउली, भोजपुर

## कोशी प्रदेश, नेपाल

पत्र संख्याः-

च.नं.

अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिने विज्ञापन

अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

प्रकाशित मितिः- २०८१।१२।१२

यस अरूण गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एक जना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साइजको फोटो एक प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण पत्रको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाण पत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन बिश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र समेत संलग्न गरी यस अरूण गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ। रित नपुगेको तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाइएका दरखास्त उपर कुनै कारबाही हुने छैन। साथै प्रचलित कानुन बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरूको दरखास्त उपर कुनै कारबाही हुने छैन। झुठा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ।

१. विज्ञापन नं. ३/०८१/८२
२. पदः अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)
३. मागसंख्याः १ (एक) जना
४. सेवाको किसिमः सेवा करार
५. दरखास्त बुझाउने अन्तिम मितिः २०८१/१२/१८ गते (विज्ञापन भएको मितिदेखि ७ दिनभित्र)
६. उम्मेदवारको छनौट विधिः प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा विविध पक्षको मूल्याङ्कन
७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनुपर्ने स्थानः अरूण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्याउली, भोजपुर।
८. परीक्षा दस्तुर रू.३००।- (रूपैया तीनसय मात्र)

प्रमुख प्रशासकीय अधिकृत

**Email:** arunrmun@gmail.com/**Website:** www.arunmun.gov.np

अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्याः-
च.नं.

९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः बैंक भौचर वा राजश्व तिरेको भौचर फारामको साथमा पेश गर्नुपर्नेछ।

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुई दिनभित्र यस अरूण गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै वेवसाइट र फोनबाट समेत जानकारी गरिनेछ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहीत रहनेछ।

१२. मासिक तलबः सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१३. आवश्यक न्युनतम शैक्षिक योग्यताः

(क) नेपाली नागरिक

(ख) अपाङ्गता भएका व्यक्ति

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभाषे तालिम प्राप्त गरेको तथा स्थानीय अपाङ्गता भएको महिलालाई बिशेष प्राथमिकता दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**Email:** arunrmun@gmail.com/**Website:** www.arunmun.gov.np